**राष्ट्रिय मानव अधिकार आयोगका माननीय अध्यक्ष श्री तप बहादुर मगरज्यूले**
**७६ औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवस समारोहमा**
**दिनुभएको मन्तव्य**

सम्माननीय प्रधानमन्त्रीज्यूको प्रतिनिधित्व गर्दै समुपस्थित प्रमुख अतिथि माननीय उपप्रधानमन्त्रीज्यू
माननीय मन्त्रीज्यूहरू,
संवैधानिक निकायका प्रमुखज्यूहरु,
कुटनीतिक नियोगका प्रमुखज्यूहरु,
UN Resident Coordinator Ms. Hanna Singer-Hamdy
निजामती सेवा, सुरक्षा निकाय तथा अन्य सरकारी सेवाका उच्चपदस्थ राष्ट्रसेवकहरु,
गैरसरकारी संस्था महासङ्घका अध्यक्ष रामप्रसाद सुवेदीज्यू,
मानव अधिकार महाभेलाका संयोजक भोला भट्टराईज्यू
नागरिक समाज, गैरसरकारी संस्थाका प्रतिनिधि, मानव अधिकारकर्मी र सञ्चारकर्मी मित्रहरु,
यो समारोहमा समुपस्थित सम्पूर्ण महानुभावहरु ।

सर्वप्रथम यहाँहरु सबैमा ७६ औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवसका अवसरमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

आज संयुक्त राष्ट्र संघद्वारा मानव अधिकारको विश्वव्यापी घोषणापत्र जारी भएको ७६ वर्ष पूरा भएको दिन अर्थात अन्तर्राष्ट्रिय मानव अधिकार दिवस । आजभन्दा ७६ वर्ष पहिला १० डिसेम्बरका दिन मानव अधिकारको विश्वव्यापी घोषणापत्र जारी भएको थियो ।

यस वर्षको अन्तर्राष्ट्रिय मानव अधिकार दिवस समारोहमा आयोगको आमन्त्रणलाई स्वीकार गरी प्रमुख अतिथिका रुपमा समुपस्थित माननीय उपप्रधानमन्त्रीज्यूमा म मेरो व्यक्तिगत र आयोग परिवारका तर्फबाट समेत हार्दिक कृतज्ञता अर्पण गर्दछु ।

Our Rights, Our Future, Right Now भन्ने नाराका साथ आज विश्वभर ७६औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवस मनाइँदै छ ।

अधिकार र दायित्वको समुचित प्रयोग र परिपालनाबाट मात्रै मानव अधिकारमैत्री समाजको निर्माण हुनसक्छ । आजको यो विशेष दिनले हामी सबैलाई आफ्नो अधिकार र दायित्वप्रति समान रुपले संवेदनशील बन्न प्रेरणा प्रदान गरोस् भन्ने मेरो हार्दिक कामना छ ।

संयुक्त राष्ट्र संघको सदस्य रहेको र मानव अधिकारसँग सम्बन्धित विभिन्न अन्तर्राष्ट्रिय महासन्धिहरूको पक्ष राष्ट्र समेत रहेको हुँदा हाम्रो मुलुकसँग मानव अधिकारको सम्मान, संरक्षण

र परिपूर्ति सम्बन्धी दायित्व पूरा गर्ने अभिभारा छ । राष्ट्रले ती दायित्वहरू पूरा गरे-नगरेको सम्बन्धमा निगरानी र खबरदारी गर्ने तथा दायित्व बहन गराउँनका लागि उत्तरदायी बनाउने जिम्मेवारी राष्ट्रिय मानव अधिकार आयोगसँग रहेको हुँदा मानव अधिकारको सम्मान, संरक्षण र परिपूर्तिका सवालमा नेपाल सरकार र राष्ट्रिय मानव अधिकार आयोग सहयात्रीको रुपमा रहेका छन् ।

नेपालको मानव अधिकारको बारेमा विश्वव्यापी आवधिक समीक्षाको तेस्रो चक्र सम्पन्न भइसकेको छ । आवधिक समीक्षाको हरेक चक्रमा राष्ट्रिय मानव अधिकार संस्थाको तर्फबाट आयोगले प्रतिवेदन पेश गर्ने गरेको छ । विश्वव्यापी आवधिक समीक्षाको तेस्रो चक्रमार्फत प्राप्त गरेका २३३ सिफारिसहरु मध्ये नेपालले १९६ वटा सिफारिसलाई स्वीकार गरेको छ र ती सिफारिसहरुको कार्यान्वयनका लागि नेपाल सरकारले कार्ययोजना समेत बनाई कार्यान्वयनको चरणमा रहेको छ। हालसम्मको कार्यान्वयनको अवस्था मध्यनजर गर्दा सबै उपलब्धिहरु हासिल गर्न सरकारको अथक र सार्थक प्रयास आवश्यक देखिन्छ ।

यसैगरी CEDAW committee मा बुझाउनु पर्ने सातौं आवधिक प्रतिवेदन समेत नेपाल सरकारले बुझाइसकेको छ भने त्यसउपर आगामी February महिनामा छलफल हुने कार्यतालिका पनि सार्वजनिक भएको छ। नेपाल सरकारबाट हालसम्म चालिएका यस किसिमका सकारात्मक कदमहरुको म हार्दिक सराहना गर्दछु । सन्धिजनित समितिमा पेश हुन बाँकी प्रतिवेदनहरु समयमै पेश गर्न आग्रह गर्दछु ।

Global Alliance of National Human Rights Institutions (GANHRI) ले गरेको मूल्याङ्कनमा राष्ट्रिय मानव अधिकार आयोग निरन्तर A status मा रहिआएको छ । आयोगको यो स्तरबाट हाम्रो मातृभूमिको अन्तर्राष्ट्रिय गरिमा अभिवृद्धि भएको छ भन्न पाउँदा म प्रशन्न छु ।

**माननीय उपप्रधानमन्त्रीज्यू,**

नेपालको मानव अधिकारको कुरा गर्दा संक्रमणकालीन न्यायको विषयलाई अलग गर्न मिल्दैन । दश वर्षे सशस्त्र द्वन्द्वको समयमा भएका मानव अधिकार उल्लङ्घनका घटनाका पीडितहरुको न्याय र परिपूरणको विषय अब हामी सबैको साझा सरोकार र जिम्मेवारीको विषय भएको छ । संक्रमणकालीन संयन्त्रमार्फत पीडितहरुमा न्यायको अनुभूति हुने गरी यो विषयलाई निष्कर्षमा पुऱ्याउनुपर्छ भन्ने आयोगको धारणा रहेको छ ।

नेपालले वर्तमान संविधान जारी हुनु अघि र त्यसपश्चात् पनि निर्माण गरेका कानूनहरु मानव अधिकारसँग सम्बन्धित छन् । तिनमा कतिपय कानूनहरु मानव अधिकारमैत्री बनाउनका लागि संशोधन गर्नुपर्ने आवश्यकता देखिएकाले आयोगले समय-समयमा नेपाल सरकार समक्ष सिफारिस समेत गरिरहेको छ। आयोगको सिफारिस अनुसार ती कानूनहरुको सामयिक संशोधन हुनेमा म विश्वस्त छु ।

नेपाल सरकारले जारी गरेको पाँचौं मानव अधिकार राष्ट्रिय कार्ययोजना हाल कार्यान्वयनको चरणमा रहेको छ । यो योजनाले संघ, प्रदेश तथा स्थानीय तहमा मानव अधिकारको प्रत्याभूतिको लागि आवश्यक प्रबन्ध गरेको छ । प्रदेश र स्थानीय तहमा मानव अधिकारप्रतिको

दायित्व बोध गराउने जिम्मेवारी सङ्घीय सरकार र अन्य सरोकारवालाहरुको पनि हो । यस सम्बन्धमा सबै तहका सरकारहरुको आपसी समन्वय जरुरी छ ।

दिगो विकास लक्ष्य सन् २०१५-२०३० ले सबै प्रकारका गरिवीको उन्मूलन गरी मानव, पृथ्वी र समृद्धिको लागि एक समान, न्यायपूर्ण र सुरक्षित विश्व निर्माण गर्ने परिकल्पना गरेको छ । दिगो विकासका १७ वटै लक्ष्यहरु मानव अधिकारसँग सम्बन्धित रहेकाले तिनको कार्यान्वयनमा मानव अधिकारमुखी पद्धतिको अवलम्बन गर्न आवश्यक छ ।

हाम्रो मुलुकबाट धेरै नागरिकहरु रोजगारीका लागि विदेशिने गरेका छन् । उनीहरुले दुःखपूर्वक आर्जन गरी पठाएको विप्रेषणले मुलुकको आर्थिक जीवनमा धेरै योगदान समेत गरेको छ । तथापि, तिनै आप्रवासी कामदारहरू न्यूनतम मानव अधिकारबाट समेत वञ्चित भएको, विशेष गरी घरेलु कामदारहरू जोखिममा पर्ने गरेको र उनीहरुको श्रम शोषण हुने गरेको विषय सार्वजनिक भइरहेका छन् । यस्ता समस्याप्रति संवेदनशील भई मुलुक बाहिर रहेका आफ्ना नागरिहरुको मानव अधिकार रक्षार्थ आवश्यक कदम चाल्ने कार्यमा नेपाल सरकारको सक्रियता अझै बढ्नेमा म विश्वस्त छु ।

गत असोज ११ र १२ गतेको बाढीपहिरोका कारण क्षति व्यहोर्न बाध्य नागरिकहरुलाई पर्याप्त राहत तथा क्षतिपूर्ति उपलब्ध गराई उनीहरुको मानव अधिकार प्रत्याभूति गराउन सरकारले अझै बढि प्रयत्न गर्ने आयोगको अपेक्षा छ ।

आयोगले आफ्नो संवैधानिक दायित्व निर्वाह गर्न सन् २०२१ देखि २०२६ सम्मका लागि छैटौं रणनीतिक योजना निर्माण गरी कार्यान्वयन गर्दै आएको छ । यस योजनाले सङ्घ, प्रदेश तथा स्थानीय तहमा मानव अधिकारको संरक्षण तथा संवर्द्धनका लागि कार्य गर्न दिशानिर्देश गर्नुका साथै व्यवसाय र मानव अधिकार, जलवायु परिवर्तन र मानव अधिकार, भष्टाचार र मानव अधिकार, दिगो विकास लक्ष्य र मानव अधिकार राष्ट्रिय कार्ययोजनाको अनुगमन जस्ता कार्यक्रमलाई प्राथमिकतामा राखेको छ ।

**प्रमुख अतिथिज्यू,**

आयोगले सीमित स्रोतसाधन र चुनौतीका बाबजुत मानव अधिकारको संरक्षण र संवर्द्धन गर्ने कार्य गरिरहेको छ ।

भूकम्पको महामारीबाट क्षतिग्रस्त भएको आयोगको भवन अझै निर्माण हुन सकेको छैन । आयोगको केन्द्रीय कार्यालय लगायत सबै प्रदेश कार्यालयहरु र प्रदेश शाखा कार्यालयहरु समेत भाडाको भवनमा सञ्चालन भइरहेका छन् । जसका कारण एकातिर वर्षेनी नेपाल सरकारको ठूलो रकम भाडाका लागि खर्च भइरहेको छ भने अर्कोतिर यसले आयोगको काम कारवाहीमा समेत प्रतिकूल प्रभाव परेको छ । म यसै मञ्चबाट नेपाल सरकार समक्ष आयोगका लागि उपयुक्त भवनको प्रबन्ध होस् भन्ने विशेष अनुरोध गर्न चाहन्छु ।

नेपाल सरकार समक्ष पेश गरेको लामो समय भइसक्दा पनि आयोगको सङ्गठन संरचना अझै स्वीकृत हुन सकेको छैन । जसका कारण आयोगको कार्यसञ्चालनमा कठिनाई उत्पन्न भएको

छ । पर्याप्त स्रोतसाधनको प्राप्ति र सङ्गठन संरचनाको स्वीकृतिका लागि समेत म प्रमुख अतिथिज्यूको ध्यानाकर्षण गराउँन चाहन्छु । यसैगरी राष्ट्रिय मानव अधिकार आयोग ऐन संसद्बाट जारी गर्ने कार्यमा पनि सरकारको सकारात्मक पहलकदमीको अपेक्षा आयोगले गरेको छ ।

आयोगको सिफारिसहरुको कार्यान्वयनको अवस्था उत्साहजनक नहुनु चिन्ताको विषय हो । आयोगको सिफारिस कार्यान्वयन नहुदा एकातिर पीडितहरुले क्षतिपूर्ति प्राप्त गर्न सकिरहेका छैनन् भने अर्कोतिर मानव अधिकार उल्लङ्घनका पीडकहरुलाई कानूनको दायरामा ल्याउन नसकिँदा र आयोगको सिफारिस र अदालतको फैसला कार्यान्वयन नहुँदा दण्डहीनताले प्रश्रय पाइरहेको अवस्था छ । कानूनी शासनको प्रत्याभूति र दण्डहीनताको अन्त्य गर्न सकिएन भने लोकतन्त्र सबल र मानव अधिकारको अवस्था सुदृढ हुन सक्दैन ।

त्यसैगरी मानव अधिकार सम्बन्धी अन्य संवैधानिक आयोगहरुको समेत सिफारिस कार्यान्वयन हुन सकेमा मुलुकको समग्र मानव अधिकारमा सकारात्मक योगदान पुग्ने मेरो विश्वास छ ।

सरकारी तथा निजी क्षेत्र र नागरिक समाजसितको सुसम्बन्धबाट मात्रै मानव अधिकार संस्कृतिको विकास सम्भव छ । राज्यको मूल ध्येय भन्नु जनअपेक्षाको सम्बोधन गर्नु नै हो । विधिको शासन र मानव अधिकारमैत्री कार्यप्रणालीबाट नै जनअपेक्षाको सही सम्बोधन हुने कुरामा दुई मत हुन सक्दैन । सदाझैं मानव अधिकार संस्कृतिको विकासका लागि हातेमालो गरिरहन म यहाँहरु सबैमा अनुरोध गर्दछु ।

नेपाल सरकारबाट हालसम्म प्राप्त सद्भाव र सहयोगका लागि म हार्दिक कृतज्ञता अर्पण गर्दछु । आयोगलाई अझ सबल, सक्षम र प्रभावकारी बनाउन भविष्यमा समेत निरन्तर सहयोग भइरहने मेरो विश्वास छ ।

मानव अधिकारको सम्मान, संरक्षण र संवर्द्धनका लागि आ-आफ्नो स्थानबाट योगदान गर्ने निजामती सेवा, सुरक्षा निकाय तथा अन्य सरकारी सेवाका सकल राष्ट्रसेवकहरुको म हार्दिक सराहना गर्दछु ।

आयोगको कार्यमा निरन्तर सहयोग गरिरहने बुद्धिजीवी, साहित्यकार, कलाकार, नागरिक समाज, मानव अधिकारकर्मी, सञ्चार जगत्, उद्योगी-व्यवसायी र सम्पूर्ण स्वदेशी तथा विदेशी संघ संस्थाहरूप्रति आयोग कृतज्ञ छ ।

अन्त्यमा, आफ्नो अमूल्य समय प्रदान गरी यो समारोहमा समुपस्थित प्रमुख अतिथिज्यू र सम्पूर्ण आमन्त्रित पाहुनाहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दै बिदा हुन्छु ।

धन्यवाद !

२५ मङ्सिर २०८१